लेकवेशी नगरपालिकाद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड:६) लेकवेशी नगरपालिका, कल्याण, सुर्खेत, पौष १ गते, २०७९ साल संख्या: १५

## भाग - २

### लेकवेशी नगरपालिका

## नगर कार्यपालिकाको कार्याल

### कल्याण, सुर्खेत

नेपालको संविधान बमोजिम लेकवेशी नगरपालिकाको एघारौ कार्यपालिका बैठकले तल लेखिए बमोजिमको कार्यविधि बनाएकोले सर्वसाधारणको जानकारीको लागि प्रकाशित गरिएको छ ।

## लेकवेशी नगरपालिकाको

## लघु, घरेलु तथा साना उद्योग दर्ता, नवीकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यविधि, २०७९

# लेकवेशी नगरपालिकाको
# लघु, घरेलु तथा साना उद्योग दर्ता, नवीकरण, सञ्चालन र नियमन सम्बन्धी कार्यविधि, २०७९

**प्रस्तावनाः**

नेपालको संविधानको भाग (४) को धारा (५१) अन्तर्गत उल्लेखित अर्थतन्त्रमा निजी तथा सरकारी क्षेत्रको भूमिकालाई महत्व दिदै उपलब्ध साधन स्रोतको अधिकतम परिचालन गरी आर्थिक समृद्धि हाँसिल गर्न साथै हाँसिल गरिएको समृद्धिमा बहुसंख्यक जनताको पहुच स्थापना गर्न मार्ग निर्देशन गर्ने भनिएको र स्थानीय श्रम, सिप तथा स्रोत साधनको अधिकतम परिचालन गर्दै दिगो औद्योगिक विकास कायम गर्न र लघु, घरेलु तथा साना उद्योगहरुको प्रवद्र्धन गर्न लेकबेशी नगरपालिकाको औद्योगिक व्यवसाय ऐन, २०७९ ले दिएको अधिकार प्रयोग गरी मिति २०७९।०८।२८ गतेको कार्यपालिका बैठकले यो कार्यविधि जारी गरेको छ ।

## परिच्छेद - १
## प्रारम्भिक

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम ''लेकवेशी नगरपालिका लघु, घरेलु तथा साना उद्योग दर्ता, नविकरण सञ्चालन र नियमन कार्यविधि २०७९" रहेको छ ।

(२) यो कार्यविधि लेकवेशी नगरपालिकाको नगर कार्यपालिकाबाट स्वीकृत भई स्थानिय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "उद्योग" नगरपालिकाको कार्य क्षेत्र भित्र संचालन हुने लघु, घरेलु तथा साना उद्योग सम्झनु पर्दछ ।

(ख) "उद्योग नियमन शाखा" भन्नाले नगरपालिकाको उद्योग सम्वन्धी विषय हेर्ने महाशाखा, शाखा वा इकाईलाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका" भन्नाले नगरपालिकाको कार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "नगरपालिका" भन्नाले लेकवेशी नगरपालिकालाई सम्झनु पर्दछ ।

(ङ) ”प्रमुख प्रशासकीय अधिकृत” भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ ।

(च) ”सभा” भन्नाले यस लेकवेशी नगरपालिकाको नगरसभालाई सम्झनु पर्दछ ।

(छ) “समिति“ भन्नाले लेकबेशी नगरपालिकाको औद्योगकि व्यवसाय ऐन २०७९ को दफा १८ बमोजिम गठन भएको उद्योग तथा लगानी प्रर्वद्धन समिति सम्झनु पर्छ ।

## परिच्छेद - २
## उद्योग दर्ता तथा नविकरण सम्वन्धी व्यवस्था

३. उद्योग सम्वन्धी ब्यवस्थाः (१) उद्योग ब्यवसाय तथा सेवा क्रियाकलापहरु नगरपालिका भित्र सञ्चालन गर्नका लागि यस कार्यविधिले निर्देशन गरे बमोजिम दर्ता गरेर मात्र सञ्चालन गर्नु पर्नेछ ।

(२) उद्योग दर्ता गर्नका लागि अनुसूचि(१)मा तोकिए बमोजिमको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ ।

(३) पेश गरेको निवेदनको आधारमा आवश्यक कारवाही गरी नगरपालिकाले उद्योग ब्यवसायीलाई अनुसूचि (२) बमोजिमको ढाँचामा उद्योग ब्यवसाय दर्ता प्रमाण पत्र प्रदान गर्नेछ ।

(४) व्यवसाय दर्ता गरेको मितिले ५ वर्ष सम्म बहाल रहनेछ र त्यस पश्चात् प्रत्येक २ वर्षमा तोकिएको नविकरण दस्तूर तिरी नवकिरण गर्न’पर्नेछ । तर, उद्योग गर्नु पूर्व प्रचलित कानून बमोजिम तोकिएको निकायबाट अनुमती लिनुपर्ने अवस्थामा सम्वन्धित निकायबाट अनुमति लिनुपर्ने दायित्व सम्वन्धित उद्योग संचालकको हुनेछ ।

(५) उद्योग सञ्चालित स्थानमा दर्ता प्रमाणपत्र अनिवार्य रुपमा सबैले देख्ने गरी टाँस गरीएको हुनुपर्नेछ ।

४. उद्योग दर्ता गर्न आवश्यक कागजातहरुः उद्योग दर्ता गर्न देहाय बमोजिमका कागजातहरु अनिवार्य पेश गर्नुपर्नेछ ।

(१) उद्योग सञ्चालकको नेपाली नागरिकताको प्रमाण–पत्रको प्रतिलिपि,

(२) अनुसूचि (१) बमोजिमको उद्योग दरखास्त फाराम,

(३) कम्पनीको हकमा कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको प्रमाण पत्र, प्रबन्ध पत्र तथा नियमावलीको प्रतिलिपि,

(४) वडा कार्यालयबाट चार किल्ला प्रमाणितको कागजात र संधियारको मुचुल्का वा सहमति पत्र,

(५) जग्गाधनि दर्ता प्रमाण पत्रको प्रतिलिपि (तिरो तिरेको रसिद सहित) वा घर भाडा सम्झौता (घरधनीको नागरिकताको प्रतिलिपी समेत),

(६) सम्बन्धित निकायको सिफारिस आवश्यक पर्ने उद्योगको हकमा रित पूर्वकको सहमती वा स्वीकृति,

(७) अनुसूचि (४) बमोजिमको दस्तुर बुझाएको सक्कल रसिद

(८) कार्यालयले आवश्यक ठानेमा अन्य आवश्यक कागजातहरु

५. वन पैदावारमा आधारित उद्योग सम्बन्धी थप व्यवस्थाः (१) वनमा आधारित उद्योगहरु भएमा देहायको मापदण्ड पुरा हुनुपर्ने,

(क) वन जंगलमा कुनै पनि हानी नोक्सानी नपुर्याई काठ/दाउराको प्रयोग नगरी सम्बन्धित वनस्पतिबाट तेल निकाल्ने उद्योगहरुको हकमा न्यूनतम दुरीको प्रावधान नलाग्ने तर त्यस्ता उद्योगको स्थापना गर्दा डिभिजन वन कार्यालय वा सो मातहतको निकायको सहमति लिनुपर्ने,

(ख) औद्योगिक क्षेत्र भित्र सञ्चालन हुने वन पैदावारमा आधारित उद्योगका हकमा दुरी नलाग्ने ।

(ग) प्रारम्भिक वातावरणीय परिक्षण (IEE) गर्नुपर्ने उद्योगको हकमा प्रचलित कानून बमोजिम प्रक्रिया पूरा गर्नुपर्ने ।

६. नविकरणः (१) उद्योगको प्राईभेट तथा साझेदारी फर्मको म्याद सकिएको मितिले ३५ दिन भित्र नविकरण गर्दा जरिवाना लाग्ने छैन ।

(२) ३६ दिन देखि ३ महिना भित्र नविकरण दस्तुरको दोब्बर दस्तुर लाग्नेछ ।

(३) एक वर्ष भित्र नवीकरण दस्तुरको तेब्वर दस्तुर लाग्ने छ।

(४) १ वर्ष पछि तेव्वर दस्तुर र प्रति वर्षको थप दर्ता शुल्क बरावर रकम लाग्नेछ ।

(५) दर्ता तथा नविकरण सम्बन्धी दस्तुर अनुसूची (४) बमोजिम हुनेछ सो दर समितिले आवश्यक ठानेमा हेरफेर गर्न सक्नेछ ।

७. उद्योगको पूँजी वृद्धि, उद्देश्य थप, नामसारी, नाम परिवर्तन तथा ठाउँसारीका लागि देहायकको मापदण्ड पुरा हुनुपर्नेछ ः

(१) पूँजी तथा क्षमता वृद्धि, उद्देश्य थप, नाम परिवर्तन तथा ठाउ'सारीको लागी कारण सहितको निवेदन,

(२) संशोधित स्किम (परियोजना),

(३) उद्योग व्यवसाय दर्ता प्रमाणको सक्कल प्रमाण पत्र,

(४) आन्तरिक राजश्व कार्यालयबाट कर चुक्ता प्रमाणपत्र,

(५) नामसारीको हकमा कार्यालयको रोहवरमा सनाखन सहितको हक छोडपत्र,

(६) नामसारी गरी लिने व्यक्तिको नेपाली नागरिकताको प्रतिलिपी,

(७) पासपोर्ट साइजको फोटो २ प्रति ।

## परिच्छेद - ३

## उद्योग व्यवस्थापन निर्देशक समिति

८. उद्योग व्यवस्थापन निर्देशक समितिः (१) नगरपालिका भित्र सञ्चालित लघु, घरेलु तथा साना उद्योग व्यवसायहरुको सञ्चालन, व्यवस्थापन तथा नियमन सम्वन्धी कार्यहरुका लागी मार्गदर्शन गर्न देहाय बमोजिमको निर्देशक समिति रहनेछ ।

(क) नगर कार्यपालिका प्रमुख — संयोजक

(ख) नगर कार्यपालिका उपप्रमुख — सदस्य

(ग) कार्यपालिकाले तोकेका एक जना कार्यपालिका सदस्य —सदस्य

(घ) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(ङ) सम्बन्धित शाखा प्रमुख —सदस्य सचिव

(२) दफा (९) बमोजिम गठित समितिको बैठक आवश्यकता अनुसार बस्ने छ ।

(३) यस समितिको कार्यविधि आफैले तयार गरे बमोजिम हुनेछ।

(४) उद्योग दर्ता, नवीकरण, संचालन सम्वन्धी यस कार्यविधिमा उल्लेख भएका विषयमा निर्णय वा निर्देशन गर्नुपरेमा यसै निर्देशक समितिले गर्नेछ ।

९. उद्योग व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः (१) लघु, घरेलु तथा साना उद्योगहरुको अनुमति इजाजत प्रदान गर्ने,

(२) लघु, घरेलु तथा साना उद्योग व्यवसायको क्षेत्राधिकार भित्र प्रचलित कानून अनुसार ठाउसारी, नामसारी, पूजी वृद्धि, क्षमता वृद्धि, संशोधन तथा उद्देश्य थप गर्ने ।

(३) उद्योगको प्रकृति अनुसार प्रारम्भिक वातावरणिय परीक्षण (IEE) कार्य गर्ने/गराउने,

(४) स्थानीय स्तरमा विभिन्न छुट सहुलियत दिने,

(५) उद्योग प्रशासनलाई सरल र सक्षम बनाउन आवश्यक पर्ने कार्य गर्ने,

(६) सम्भाव्य उद्योगहरुको प्रविधि विस्तार सम्बन्धी कार्य गर्ने,

(७) उद्योगहरुको कामको आधारमा परामर्श प्रदान गर्ने,

(८) सिप विकास तथा उद्यमशिलता विकास कार्यक्रमको योजना तयार गरी सञ्चालन गर्ने,

(९) लघु, घरेलु तथा साना उद्योग ब्यवसायको तथ्यांक सूची अध्यावधिक गर्ने,

## परिच्छेद - ४
## विविध

१०. उद्योग दर्ताको सीमाः नेपाल सरकारले प्रत्येक प्रदेशले आफ्नो कार्य क्षेत्राधिकार भित्रको उद्योगसँग सम्बन्धीत कानून प्रदेश आफैले व्यवस्था गरि दर्ता अधिकार दिने व्यवस्था भए बमोजिम कर्णाली प्रदेश औद्योगिक व्यवसाय ऐन २०७८ मा भएको व्यवस्था बमोजिम यस नगरपालिकाले कुल पूँजी रु. ३ लाख सम्मको उद्योग दर्ता नविकरण तथा अन्य प्रशासनिक कार्य गर्न पाउने प्रावधान रहेको छ।

११. प्रोत्साहन र सहजिकरण सम्वन्धी व्यवस्थाः (१) कृषि जन्य उद्योग व्यवसाय सञ्चालन गर्ने स्थानीयलाई प्रोत्साहन गरिनेछ ।

(२) स्थानीय वासिन्दालाई रोजगारी प्रदान गर्नुका साथै स्थानीय स्तरमा भएको उत्पादनलाई बजार ब्यवस्थापन गर्न र उद्योग ब्यवसाय स्थापना गर्न भौतिक पूर्वाधार निर्माण गर्न नगरपालिकाले सहुलियत उपलब्ध गराउन सक्नेछ ।

(३) महिला, सीमान्तकृत, उत्पिडित, विपन्न, युवा लगायतका लक्षित वर्गलाई उद्यमशिलता प्रवर्द्धनका लागि तालिम र अनुदानको ब्यवस्था गर्न सकिनेछ ।

१२. श्रमिक सम्वन्धी ब्यवस्थाः (१) नगरपालिका क्षेत्र भित्र सञ्चालित सम्पूर्ण उद्योग ब्यवसायीले नेपालको प्रचलित श्रम ऐन तथा कानूनको पूर्ण रुपमा पालना गर्नुपर्नेछ।

(२) उद्योग सञ्चालन गर्दा आवश्यक जनशक्ति प्रधानमन्त्री तथा मुख्यमन्त्री रोजगार कार्यक्रममा सूचिकृत भएका श्रमिकलाई प्राथमिकता दिनुपर्नेछ ।

१३. वातावरणीय परीक्षण सम्बन्धी ब्यवस्थाः यस कार्यविधि बमोजिम कुनै उद्योग स्थापना गर्न वातावरणीय प्रभाव मूल्याङ्कन वा प्रारम्भिक वातावरणीय परिक्षण गर्नपर्ने भएमा प्रचलित कानून बमोजिम गर्नु पर्नेछ।

१४. सामाजिक उत्तरदायित्वः प्रत्येक उद्योगले नगर क्षेत्र भित्र तोकिए बमोजिम सामाजिक उत्तरदायित्वको रुपमा योगदान गर्नुपर्नेछ ।

१५. उद्योगको खारेजी तथा नियमन सम्बन्धी व्यवस्थाः (१) देहायको अवस्थामा दर्ता भएका उद्योगको दर्ता खारेजी गर्न सकिनेछः

(क) प्रचलित ऐन कानून बमोजिम मापदण्ड पूरा नगरी सञ्चालन गरेमा,

(ख) ५ वर्ष सम्म नविकरण नगरेमा,

(२) खारेज भएको १ वर्ष भन्दा अघि सोहि व्यक्तिको नाममा नगर भित्र कुनैपनि उद्योग दर्ता गर्न पाइने छैन ।

(३) अनुगमन र निर्देशक समितिले निर्णय गरी दिएको अन्य अवस्था भए।

१६. बाधा अड्काउ फुकाउः यो कार्यविधिमा उल्लेख नभएको विषयमा कुनै नीतिगत ब्यवहारिक वा कार्य सम्पादन सम्बन्धी समस्या आईपरेमा कार्यपालिका वा निर्देशक समितले बाधा अड्काउ फुकाउन सक्नेछ ।

१७. खारेजी तथा बचाउः (१) लघु, घरेलु तथा साना उद्योग दर्ता तथा नविकरण सम्वन्धी यस अघि नगरपालिकाबाट भए गरेका निर्णय, नियम तथा कार्यविधि खारेज गरिएको छ ।

(२) यो कार्यविधी जारी हुनु पूर्व नगरपालिका वा अन्य निकायमा दर्ता नविकरण भई प्राप्त भएका उद्योगहरुको दर्ता तथा नविकरण यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

# अनुसूची - १
## (दफा ४ (१) सँग सम्बन्धित)
## लघु, घरेलु तथा साना उद्योग दर्ताको लागि निवेदन

श्री प्रमुख प्रशासकिय अधिकृत ज्यू ,
लेकवेशी नगरपालिका,
नगर कार्यपालिकाको कार्यालय,
कल्याण, सुर्खेत ।

टिकट

विषयः लघु, घरेलु तथा साना उद्योग दर्ता गरी पाउँ ।

मैले/हामीले निम्न स्थानमा ........................ उद्योग व्यवसाय दर्ता गर्न लागेकाले आवश्यक कागजात सहित दरखास्त गर्न आएको छु/छौ । लेकवेशी नगरपालिकाको लघु, घरेलु तथा साना उद्योग सञ्चालन र नियमन कार्यविधि, २०७९ ले तोकेको मापदण्ड सहितको दस्तुर बुझाउन तथा लेकवेशी नगरपालिकाबाट समय समयमा दिइने आदेश र निर्देशन समेत पालना गर्न मञ्जुर छु/छौ । साथै मैले/हामीले पेश गरेको कागजात तथा विवरण ठिक साँचो रहेको र फरक परे कानून बमोजिम कारवाही भएमा मञ्जुर छु/छौ ।

क) उद्योगीको नामः
फर्म कम्पनिको हकमा मूख्य व्यक्तिको नामः

ख) स्थायी ठेगानाः ........... जिल्ला .......... गा.पा./न.पा. .......... वडा नं. .......... मार्ग .......... घर नं. ......

ग) बाबुको नामथरः .............. बाजेको नामथरः .......................

घ) व्यवसाय रहने स्थानको ठेगानाः .......... वडा नं. .......... मार्ग ......... घर नं. ........... वेवसाइटः ................

ङ) सम्पर्क फोन नं. ........... इमेलः ..................

च) भाडामा रहेको भए उद्योग रहने घर जग्गा धनिको नामथरः ..................... ठेगानाः .......... वडा नं. ....... मार्ग ...... घर नं. ..........

छ) उद्योगको विवरण र प्रकृति.............

ज) पुँजी लगानीः
कूल पुँजी लगानी ........ स्थीर पुँजी ............. चालू पुँजी .............

वार्षिक उत्पादन क्षमता रु.

पूँजी तथा क्षमता वृद्धि भए (पूँजी वृद्धिको लागी)

साविक पूँजी......... प्रस्तावित स्थिर पूँजी ...........प्रस्तावित कूल पूँजी........... जम्मा .........

झ) उद्योगको नामः

ञ) परिचयपाटीको साइजः लम्बाईः ........... चौडाईः ....... वर्ग फिटः ........

ट) अन्य दर्ता भएको भए दर्ता नं. ............... कार्यालय ........................

ठ) उद्योगको कानूनी रुप (फर्म)

(१) निजि ( ) (२) साझेदारी ( ) (३) प्रा.लि. ( )

ड) उद्योगको वर्गः

(१) लघु उद्यमः ( ) (२) घरेलु उद्यमः ( ) (३) सानाः ( )

ढ) आवश्यक जनशक्तिः प्राविधिकः .... अप्राविधिकः .....अन्य ..... जम्माः .....

महिलाः ....................... पुरुषः ......................

ण) संलग्न गर्नु पर्ने कागजातः

- आफ्नै घर जग्गा भए जग्गाधनी प्रमाण—पत्रको प्रतिलिपि र तिरो तिरेको रसिद,
- भाडामा बस्ने भए भाडा रकम र भुक्तानी तालिका समेत खुलेको घर बहालकर सम्झौता पत्र,
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि (विदेशी नागरिकको हकमा नेपालस्थित राजदुतावासबाट उद्योगका नाममा गरिएको कागज)
- आवेदनकर्ताको हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति,
- फर्म कम्पनि भएमा दर्ता इजाजत प्रमाणपत्र र आन्तरिक राजश्व कार्यालयमा लघिल्लो आ.व. सम्मको कर तिरेको करदाता प्रमाणपत्रको प्रतिलिपि ।

फोन नं.

मितिः

दरखास्तवालाको नामः

हस्ताक्षरः

कार्यालय प्रयोजनका लागिः

ल्याप्चे

| दायाँ | बायाँ |
| --- | --- |
| | |

निवेदन दस्तुरः ..........................

दर्ता दस्तुरः .................

उद्योग करः ..........

परिचय पाटी दस्तुरः .......

जरिवानाः ......

जम्मा रकमः ...........

उद्योग व्यवसाय प्रमाण पत्र नं. ............... (प्रा.फ.र./सा.फ.र.)

मितिः

उपरोक्त अनुसारको व्यहोरा ठिक छ भनि,

प्रमाणित गर्ने                                                                                     स्वीकृत गर्ने

अनुसूची - २

(दफा ५ को (१) सँग सम्बन्धित)

**उद्योग दर्ता प्रमाण पत्र**

उद्योग दर्ता नं.

प्रमाण पत्र नं.

फोटो

दर्ता मितिः

जिल्ला .............................. न.पा. ......................... वडा नं. ....... बस्ने श्री ..................... लाई लेकवेशी नगरपालिकाको लघु, घरेलु तथा साना उद्योग दर्ता, नविकरण, सञ्चालन र नियमन कार्यविधि, २०७९ ले तोकेको मापदण्ड सहितको दस्तुर वुझाउनुको साथै लेकवेशी नगरपालिकाबाट समय समयमा दिइने आदेश र निर्देशन समेत पालना गर्न मन्जुर भएको निवेदनको आधारमा प्रा.फ./सा.फ./प्रा.ली फर्म रजिष्ट्रेशन गरी यो प्रमाणपत्र जारी गरीएको छ ।

उद्योगीको नामः

उद्योग रहने स्थानः लेकवेशी.न.पा. वडा नं. ............ बाटोको नाम ............ घर नं. ........ टोल नं. ....

उद्योग रहने घर र जग्गा धनिको नामः

उद्योगको प्रकृति ................. विवरण .............

पुजी लगानीः कुल पूँजी रु. ............. स्थीर पुँजी रु. ....... चालू पुँजी ............

स्वीकृत गर्नेः

नविकरण

| नविकरण गर्ने कार्यालय | नविकरण अवधि | नविकरण दस्तुरको भौचर नं. र मिति | हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |

**नोटः**

१. दर्ता भएको मितिले एक वर्ष पुगेपछी सम्बन्धित कार्यालयमा गई ३५ दिन भित्र नविकरण गर्नुपर्नेछ ।

२. उद्योग गरिआएको स्थान परिवर्तन गर्न परेमा नगरपालिकाबाट पूर्व स्वीकृती लिनुपर्नेछ ।

३. उद्योग बन्द गर्नुपरेमा नगरकार्यपालिकाको कार्यालयबाट बन्द भएको जनाउपत्र अनिवार्य रुपमा लिनुपर्नेछ । अन्यथा उद्योग चालु नै रहेको मानी सालवसाली रुपमा कर लाग्ने छ ।

४. यो प्रमाणपत्र उद्योग गरेको स्थानमा सबैले देखिने गरी राखिनुपर्दछ र कर्मचारीले हेर्न चाहेको खण्डमा तुरुन्त देखाउनु पर्दछ ।

५. कुनैपनि किसिमको व्यवसायिक गतिविधीमा बाल श्रमिक प्रयोग गर्न पाईने छैन ।

६. उद्योगबाट उत्पादन हुने फोहोरमैला उचित व्यवस्थापन गर्ने दायित्व करदाताको हुनेछ ।

७. उद्योग संचालनको सिलसिलामा नगरपालिकाबाट समय समयमा दिइने निर्देशनको पालना गर्नु करदाताको कर्तव्य हुनेछ ।

८. उल्लेखित शर्तनामाहरु पालना नगरेमा जुनसुकै बखत पनि यो प्रमाणपत्र रद्द गरिनेछ वा उद्योग बन्द समेत गर्न सकिनेछ ।

९. यो प्रमाणपत्र दर्ता नविकरण संचालन र नियमन प्रयोजनको लागि जारी गरिएको हो । प्रचलित कानून बमोजिम दर्ता गरेर मात्र त्यस्तो कार्यसंचालन गर्नुपर्नेछ ।

अनुसूची - ३

(दफा (११) सँग सम्बन्धित)

प.संः

च.नं. मितिः

श्री ..........................

................................

विषयः उद्योग दर्ता गरिएको बारे ।

तपाईले स्थिर पूँजी रु. .............. र चालु पूँजी रु. ............ समेत कुल पूँजी रु. .............. लगानी मा .............. बराबरको उत्पादन गर्ने उद्देश्यले जम्मा कामदार ......... जना राखी कर्णाली प्रदेश लेकवेशी नगरपालिका वडा नं. ..... मा उद्योग व्यवसाय स्थापना गर्ने गरी .................................. नामको प्रा.फ/सा.फ/प्रा.ली फर्म रजिष्ट्रेशन गरि पाउँ भनि दिनुभएको निवेदन उपर आवश्यक कारवाही हुँदा मिति ................ को निर्णय अनुसार तपसिलका अनुसारका शर्त पालना गर्ने गरी रजिष्ट्रेशन गरिदिने भनि निर्णय भएको हुँदा तपाई समेतको नाम दर्ता रजिष्ट्रेशन भएको प्रा.फ.नं. .............. को सक्कल प्रमाणपत्र यसै पत्र साथ संलग्न राखी पठाईएको व्यहोरा जानकारी गराइन्छ ।

**उद्योग व्यवसायीले पालना गर्नुपर्ने सर्तहरु —**

१. उद्योग व्यवसाय गर्न आवश्यक पर्ने सम्पूर्ण कच्चापदार्थ स्वयंले व्यवस्था गर्नुपर्नेछ।

२. उद्योगको साईनवोर्ड फर्मको प्याडमा रजिष्ट्रेशन नं. अनिवार्य रुपले राख्नुपर्नेछ ।

३. नाबालकलाई काममा लगाउन पाईने छैन ।

४. छरछिमेकी कोही कसैलाई वाधा व्यवधान नपर्ने गरि काम गर्नुपर्नेछ ।

५. रात्री सिफ्ट सञ्चालन गर्दा पूर्व स्विकृती लिई मात्र संचालन गर्नुपर्नेछ ।

६. प्रधानमन्त्री/मुख्यबन्त्री रोजगार कार्यक्रममा सूचिकृत भएका श्रमिकलाई प्राथमिकता दिनुपर्ने छ ।

८. उद्योग व्यवसाय संचालन गर्दा वातावरण प्रदुषण हुन नदिन आवश्यक व्यवस्था मिलाउनु पर्दछ ।

९. तोकिएको सर्तहरु पालना नभएको पाइएमा प्रचलित कानून अनुसार बन्द गर्न सकिनेछ ।

स्वीकृत गर्नेः

**<u>वोधार्थः</u>**

श्री आन्तरिक राजश्व कार्यालय, सुर्खेत ।

श्री .............................................

अनुसूची - ४
(दफा ५ को (७) सँग सम्बन्धित)

नीजि उद्योग दर्ता र नविकरण दस्तुर

| सि.नं. | कुल पुँजी लगानी | दर्ता दस्तुर (रू.) | नविकरण दस्तुर (रू.) | प्रतिलिपी दस्तुर (रू.) |
|---|---|---|---|---|
| १ | १ लाख सम्म | ५००/- | १००/- | ३००/- |
| २ | १ लाख १ देखि ३ लाख सम्म | १०००/- | २००/- | ३००/- |

साझेदारी उद्योग दर्ता र नविकरण दस्तुर

| सि.नं. | कुल पुँजी लगानी | दर्ता दस्तुर (रू.) | नविकरण दस्तुर (रू.) | प्रतिलिपी दस्तुर (रू.) |
|---|---|---|---|---|
| १ | १ लाख सम्म | ५००/- | १००/- | ३००/- |
| २ | १ लाख १ देखि ३ लाख सम्म | १०००/- | २००/- | ३००/- |

माथि उल्लेखित दस्तुरमा प्राइभेट तथा साझेदारी उद्योगहरूको दर्ता, उद्देश्य थप, ठाउँसारी, पुँजीवृद्धि र नामसारीका लागि रू.१००/- को निवेदन दस्तुर लाग्नेछ ।

**आज्ञाले**
महेन्द्रजङ्ग शाही
प्रमुख प्रशासकीय अधिकृत

*प्रमाणीकरण मितिः २०७९/०९/०१*